# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०
चलानी नं.: ३३३१
मितिः २०८०।१।२१

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० साल वैशाख १५ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । - *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

२०८०।१।२१

शिवप्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : १९

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०८० साल वैशाख १५ गते शुक्रबार दिनको ३:०० बजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | का.वा.सदस्य (वडा नं. ६) | श्री लालकृष्ण तिमल्सिना | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | अनुपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरु:

१. योजना सम्बन्धमा:

क) योजनाको नाम संसोधन सम्बन्धमा

ख) सडक बत्तीका लागि रकम व्यवस्था सम्बन्धमा

ग) जिल्ला समन्वय समिति काभ्रेमा पेश भएका योजनाहरुको संझौता सम्बन्धमा,

घ) बनेपा १२, बस्नेत गाउँ जाने बाटोमा वाल निर्माण योजना संसोधन गर्ने सम्बन्धमा,

ङ) बनेपा ५, को योजनाको रकमान्तर माग सम्बन्धमा

२. शिक्षकहरुको तलब भुक्तानीका लागि शीर्षक मिलान सम्बन्धमा,

३. बनेपा नगरपालिका वडा नं. ६ मा कौशीखेतीका तालिम व्यवस्था सम्बन्धमा,

४. जुद्ध बारुणयन्त्रको इन्धन माग सम्बन्धमा

५. विपद् व्यवस्थापन अन्तर्गतको काक्राबारी शीर्षकलाई इटाचा गर्ने सम्बन्धमा,

६. श्रम स्वीकृतिका लागि अनलाईन फारम भर्ने कार्य प्रारम्भ गर्ने सम्बन्धमा,

७. कानूनी सहयोग कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,

८. बनेपा वडा नं. ६ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजना स्वीकृत गर्ने सम्बन्धमा,

९. श्यामकुमार श्रेष्ठको पत्नीको क्यान्सर उपचारका लागि भएको सहयोग अनुमोदन सम्बन्धमा

१०. नगर प्रहरी थप गर्ने सम्बन्धमा,

११. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. बनेपा नगरपालिका नगर कार्यपालिकाको मिति २०७९।१२।२२ को निर्णय नं. ४ मा भएका निर्णमा योजनाको नाम र ठेगाना फरक पर्न गएकोले देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविक नि.नं. क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | संसोधित विवरण |
|---|---|---|---|---|---|
| १ | ४ को देहाय ७ | कार्की गाउँ-खड्काटोल बाटो ग्राभेल | ११ | ३,००,०००। | बञ्जारा टोल देखि खड्का टोलसम्म बाटो ग्राभेल |
| २ | ४ को देहाय २२ र २३ | केयन बेन्क्वेट मार्ग देखि काँढखोला (अरनिको राजमार्ग) ह्युमपाईप विस्तार | ७ | १०,००,०००। | अरनिको राजमार्गबाट अरनिको पार्टीप्यालेस प्रवेश मार्ग देखि फुटपाथ हुँदै काँढखोला ढल निर्माण |
| | | केयन बेन्क्वेट मार्ग (केयन बेन्क्वेट) देखि काँढखोला ढल विस्तार | | | अरनिको राजमार्गबाट केयन बेन्क्वेट प्रवेश मार्ग देखि फुटपाथ हुँदै काँढखोला ढल निर्माण |
| ३ | ४ को देहाय २३ | पुण्यमाता नदीको शिरमा सिंढी निर्माण | २ | ३,००,०००। | क्र.सं. मिलाएको |
| ४ | ४ को देहाय | पारी टुसाल चोक काभ्राको | २ | १,००,०००। | वडा नं. ३ गर्ने । |

| क्र.सं. | साविक नि.नं. क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | संसोधित विवरण |
|---|---|---|---|---|---|
| | १५ | रुख विश्राम स्थल निर्माण | | | |

३. चालु आ.व. २०७९।०८० मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित शीर्षकका रकम रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | स्वीकृत बजेट शीर्षक | रकम | रकमान्तर गरिने शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारी पर्यटन भ्रमण खर्च | ३५,००,०००। | सडक बत्ती व्यवस्थापन | |
| २ | ट्राफिक लाइट व्यवस्थापन | २०,००,०००। | सडक बत्ती व्यवस्थापन | |
| ३ | अन्य फिर्ता | ५,००,०००। | चाडपर्व जात्रा सञ्चालन व्यवस्थापन खर्च | |
| ४ | पुस्तक र पत्रपत्रिका खरिद | १,६०,०००। | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | |

४. चालु आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम अन्तर्गत जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको साठी प्रतिशत र यस नगरपालिकाको चालीस प्रतिशत लागत सहभागितामा सञ्चालन गरिने योजनाका लागि सिफारिस भएका योजनाहरुका हकमा जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकसँग योजना संझौता गर्ने निर्णय गरियो ।

| क्र.सं. | माग गरिएको योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | भक्तेश्वर आ.वि. भवन थप | ६ | |
| २ | रेयूकाई एईको मासुनागा आँखा अस्पताल | ६ | |
| ३ | श्री शुभचामुण्डा माध्यामिक विद्यालय | ३ | |
| ४ | स्वास्थ्य चौकी भवन निर्माण | १० | |

५. चालु आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रममा समावेश भएका योजनाहरु मध्ये स्वीकृत बजेटको परिधिभित्र रही योजना संसोधन वा रकमान्तरका लागि सम्बन्धित वडाबाट सिफारिस भई आए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकामा कार्यरत शिक्षकहरुको तलव भुक्तानीका सम्बन्धमा देहाय बमोजिम शीर्षक मिलान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

नेपाल सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० बमोजिम २.८.१२ क्रियाकलाप २.७.१३.४० माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान र २.८.१३ क्रियाकलाप २.७.१३.४१ आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शीर्षक अन्तर्गत यस नगरपालिकामा आ.व. २०७८।७९ देखि नै नियुक्त १२ जना शिक्षकहरुको तलबभत्ताका लागि सो शीर्षकमा रकम अपुग भएकाले सोको लागि क्रियाकलाप नं. १.१.३.३ आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षकहरु राहत अनुदान शिक्षकहरुका लागि तलबभत्ता अनुदान र क्रियाकलाप नं. १.१.३.४ माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक र राहत अनुदान शिक्षकका लागि तलबभत्ता अनुदान शीर्षकबाट नपुग तलबभत्ता व्यवस्था गर्ने निर्णय गरियो ।

७. बनेपा नगरपालिका क्षेत्रभित्र कौशीखेती प्रवर्धन गरी जैविक फोहोर व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाई रहिएको शिलशिलामा बनेपा नगरपालिका वडा नं. ६ बाट समेत उल्लेखित बमोजिमको कार्यक्रम सञ्चालनको माग भई आएको सम्बन्धमा छलफल हुँदा कौशीखेती प्रवर्धन र जैविक फोहोर व्यवस्थापनका लागि अन्य वडाहरुमा समेत आवश्यकता अनुसारका कार्यक्रम थप गरी सञ्चालन गर्न चालु आ.व. मा

स्वीकृत कार्यक्रमहरु मध्येको खर्च हुन नसक्ने उपयुक्त शीर्षकबाट खर्च व्यहोर्ने गरी तालिम तथा सामग्री खरिदको व्यवस्था मिलाउने निर्णय गरियो ।

८. जुद्ध बारुणयन्त्र, भक्तपुरबाट आगलागीको समयमा बारुणयन्त्र परिचालनका लागि इन्धनको व्यवस्थापनमा समस्या भएकाले सहयोग गरिदिन भनि लेखि आएको हुँदा उक्त कार्यालयलाई ३०० (तीनसय) लिटर डिजेल सहयोग गर्ने निर्णय गरियो ।

९. बनेपा नगर कार्यपालिकाको मिति २०७९।११।२१ को निर्णय नं. ४ को देहाय (ग) को तपसिलको ६(ङ) मा रहेको योजनाको नाम काक्राबारी संसोधन गरी इटाचा पहिरो नियन्त्रण कायम गर्ने ।

१०. वैदेशिक रोजगारीका लागि विदेश जान चाहने नेपाली नागरिकहरुले भर्नुपर्ने Foreign Employment Information Management System मा अनलाईन फारम यस कार्यालयमा कार्यरत रोजगार संयोजक मार्फत भर्ने र भरेको विवरण स्वीकृत भई आएमा श्रम स्वीकृति व्यवस्था मिलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

११. बनेपा नगरपालिकाको नक्शा पास (विशेष व्यवस्था) सम्बन्धी कार्यविधि (संसोधन सहित), २०७५ बमोजिम घर भवनहरु सूचिकृत गर्ने तथा नियमित गर्ने प्रयोजनका लागि सूचना प्रकाशित गर्ने र सूचनाको म्याद भित्र दर्ताहुन आउने निवेदनहरु सम्बन्धित वडा कार्यालयले संकलन गरी संकलित निवेदनहरु कार्यालयमा दाखिला गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१२. बनेपा नगरपालिकाको विधायन समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

क) **कानुनी सहयाता कोष संञ्चालन कार्यविधि,२०८०**

ख) बनेपा नगरपालिकाको रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०८०

ग) नगर प्रमुख स्वास्थ्य प्रवर्धन कार्यक्रम सन्चालन कार्यबिधि, २०८०

घ) **साझेदारीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०**

ङ) **श्रम डेस्क सञ्चालन सम्बन्धी कार्यविधि, २०८०**

१३. बनेपा नगरपालिका वडा नं. ६ बाट चालु आ.व. २०७९।०८० का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने गरी पेश भएका तपसिल बमोजिमका योजना स्वीकृत गर्ने निर्णय गरियो ।

क) भुजेली मन्दिर रिचार्ज पोखरी निर्माण, र

ख) मुहान गल्ली रिचार्ज पोखरी निर्माण ।

१४. यस कार्यालयमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुका परिवारको उपचारका लागि माग निवेदन गरेको सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं. | निवेदकको नाम | काम | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | का.स. श्री श्याम श्रेष्ठ | पत्नीको अर्वुद रोगको उपचार | ३०,०००। | अनुमोदन गर्ने |
| २ | प्र.प्र.अ. श्री शिवप्रसाद हुमेगाई | छोरीको पेटको जटिल प्रकृतिको रोगको अप्रेशन तथा उपचार खर्च | १,००,०००। | |

१५. यस नगरपालिकाका लागि नगर प्रहरी परिचालन सम्बन्धी कार्यविधि तयार गरी विधायन समिति मार्फत पेश गर्ने ।

१६. यस नगर कार्यपालिकाको मिति २०७९।११।२१ को बैठकबाट स्वीकृत भएको नदी कटान नियन्त्रण शीर्षकको रकम मध्येबाट देहाय बमोजिमका नदी नियन्त्रण कार्यक्रम स्वीकृत गरी सम्बन्धित खण्ड खण्डका लागि छुट्टाछुट्टै उपभोक्ता समिति मार्फत कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सानो खोला | १० | ११,००,०००। | |
| २ | पुण्यमाता नदी कटान नियन्त्रण-खण्ड (क) ज्ञानकुञ्ज विद्यालय पछाडी | ८ | १५,००,०००। | |
| ३ | पुण्यमाता नदी कटान नियन्त्रण-खण्ड (ख) बनेपा न्यु कोलोनी गणेश मन्दिर अगाडी | ८ | ४,००,०००। | |
| ४ | पुण्यमाता नदी कटान नियन्त्रण-खण्ड (ग) पुलबजार | ८ | १५,००,०००। | |
| ५ | पुण्यमाता नदी कटान नियन्त्रण-खण्ड (घ) तुल्टी फाँट | ८ | ७,००,०००। | |

१७. यस नगरपालिकाको चालु आ.व. २०७९।०८० मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतका सीप विकास कार्यक्रम सञ्चालन शीर्षकमा विनियोजित रकमबाट कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा छलफल हुँदा यस अगाडी प्रस्ताव पेश गर्ने संस्थाहरुका प्रस्तावहरु समेत अध्ययन गरी नगर प्रमुखज्यू र उपप्रमुखज्यूबाट आवश्यक तालिम शीर्षकमा बजेट तोकी आवश्यक प्रक्रिया पुरा गरी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

१८. जात्रा पर्वपूजा सञ्चालन सहयोग माग गरी निवेदन गर्ने तपसिलका संस्था/सांस्कृतिक समूहलाई देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्था/समूहको नाम | ठेगाना/ वडा नं. | प्रयोजन | सहयोग रकम |
|---|---|---|---|---|
| १ | गोशाइस्थान जात्रा संरक्षण समिति | ६ | गोशाइस्थान जात्रा सञ्चालन | १,००,०००। |
| २ | श्री कृष्ण भजन किर्तन मण्डल समितिका श्री राजकुमारी कर्माचार्य (वडा कार्यालयको सिफारिस) | १३ | कन्या पूजा सञ्चालन | १५,०००। |
| ३ | श्री कृष्ण भजन किर्तन मण्डल समिति ( वडा कार्यालयको सिफारिस) | १४ | कन्या पूजा सञ्चालन | १५,०००। |
| ४ | श्री राममान श्रेष्ठ (वडा कार्यालयको सिफारिस) | १३ | नवदुर्गामा आउनु हुने देवगणमा खानपनि व्यवस्था | २५,०००। |
| ५ | नवदुर्गा देवगण, भक्तपुर | भक्तपुर | बनेपामा माछामार्न आउनु हुने देवगणलाई सहयोग | ४०,०००। |
| ६ | महादेव पोखरी जात्रा | | नगरकोट स्थित महादेव पोखरीको जात्रा व्यवस्थापन | ५०,०००। |
| ७ | साही बाजा खरिद तथा मर्मत | बनेपा | नित्य जात्रा पर्व पूजामा प्रयोग हुने बाजा | ३०,०००। |

१९. UNDP समेतको प्राविधिक सहयोगमा तयार भएको यस नगरपालिकाको दिगो विकास लक्ष्य स्वेच्छिक पुनरावलोकन प्रतिवेदन, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

२०. जिल्ला सहकारी संघ, काभ्रेको मिति २०८०।१।१२ को पत्रसाथ प्राप्त सहकारी संघ/संस्था अनुगमन कार्यविधि, २०८० र सोही संघको मिति २०८०।१।१२ च.नं. ४४३ को पत्रमा उल्लेख भई आए बमोजिम सहकारी संस्थाहरुको अनुगमनका लागि गठित विज्ञ सहितको प्राविधिक टोलीको विवरण प्रस्तुत भई जानकारी गरियो

। साथै उक्त समितिमा यस कार्यालयका तर्फबाट सहभागिता जनाउने र सम्बन्धित निकायलाई जानकारी गराउने निर्णय गरियो ।

२१. बनेपा नगरपालिका वडा नं. ८ लायकु क्षेत्र देखि वडा नं. ५ चण्डेश्वरी मन्दिरसम्म र बनेपा नगरपालिका वडा नं. ७ चारदोबाटो देखि गणेश स्थानसम्मको बाटो जिर्ण भएकाले सोको मर्मतका लागि भएको ल.ई. रु. ५,५०,०००। स्वीकृत गरी उपयुक्त शीर्षकबाट खर्च गर्ने गरी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

२२. यस नगरपालिकाको ४२ औं स्थापना दिवसका क्रममा गठित उपसमितिहरुका निर्धारित कार्यक्रम सम्पन्न गर्न भएको खर्च भुक्तानी अनुमोदन गरियो ।

२३. बनेपा नगरपालिका वडा नं. ४ अन्तर्गत नाला काशीभञ्ज्याङ सडक खण्डको महादेव खोला सेरा बजार बाँकी खण्ड कालोपत्रे गर्न रु. १०,००,०००। र सोही वडा अन्तर्गत वडा कार्यालय हुँदै चिहाने बगर खण्ड कालोपत्रे गर्न रु. १५,००,०००। लाख विनियोजन गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

२४. बनेपा नगरपालिका क्षेत्रभित्रको फोहोर व्यवस्थापनका लागि नगरपालिकासँग भएको संझौता बमोजिम काम गरिरहेको परिवर्तन सेवा प्रा.लि. ले फोहोर उत्पादकहरुलाई प्रदान गर्ने फोहोर संकलन कार्ड अनिवार्य रुपमा प्राप्त गर्ने र निर्धारित शुल्क नियमित भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

२५. यस नगरपालिका वडा नं. ४ का लागि प्रदेश सरकारबाट विशेष अनुदान शीर्षक अन्तरगत खानेपानी योजना सञ्चालनका लागि विनियोजन भएको रकम र वडा नं. १० को बृहत खानेपानी आयोजनाका लागि संघीय विशेष अनुदान शीर्षक अन्तगरगत विनियोजन भएको रकम भन्दा योजना कार्यान्वयनका लागि स्वीकृत भएको लागत स्टिमेट रकम बढी हुन गएकाले विनियोजन भई आएको रकममा अपुग हुने रकम यस कार्यालयको चालु आ.व. २०७९।०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रमको खर्च नहुने उपयुक्त शीर्षकबाट व्यहोर्ने गरी विद्युतीय खरिद प्रक्रियाबाट बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

२६. यस नगरपालिकाको चालु आ.व. २०७९।०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतका तपसिल बमोजिमका शीर्षकको रकम देहाय बमोजिम पछि सोधभर्ना हुने गरी हाललाई खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

| क्र.सं. | स्वीकृत बजेट शीर्षक | रकम | रकमान्तर गरिने शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | वन, वातावरण तथा विपद् | ७०,००,०००। | कर्मचारी पारिश्रमिक भुक्तानी | |

२७. आराध्यदेवी माता चण्डेश्वरीको आशन्न जात्रा उल्लासमय रुपमा भव्यताका साथ सम्पन्न गर्न र जात्रामा सरिक हुन समस्त नगरबासी दाजुभाइ दिदीबहिनीहरुमा मंलगमय शुभकामना व्यक्त गर्दै मिति २०८० साल वैशाख २४ गते आइतबारका दिन अत्यावश्यक सेवा बाहेक बनेपा नगरपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य केन्द्रहरुमा स्थानीय पर्व विदा दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत